# सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेडको
# प्रथम वार्षिक साधारण सभाको विवरण
# (माइन्यूट)

**१. वैधानिक सभा**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको प्रथम वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा. शंकर प्रसाद शर्माज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय**

मिति : २०६४ फाल्गुण ६ गते, सोमबार (१८ फेब्रुअरी २००८)
स्थान : होटल अन्नपूर्ण, दरवार मार्ग, काठमाडौं
समय : अपरान्ह ५:०० बजे प्रारम्भ भई सांझ ६.३० बजे सम्पन्न भएको

**३. सभाको सूचना**

बैंकको मिति २०६४।०९।६ गते वसेको संचालक समितिको ३०औं वैठकले निर्णय गरे बमोजिम प्रथम वार्षिक साधारण सभा हुने मिति, समय र स्थान र छलफलका विषय-सूची समेत खुलाई तत्सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार मिति २०६४।९।७ र २०६४।९।८ को हिमालय टाईम्स दैनिकमा प्रकाशित गरिएकोमा ५० प्रतिशत भन्दा वढी संस्थापक शेयरधनी महानुभावहरुले उक्त मितिमा आफुहरु उपस्थित हुन नसक्ने भएको हुंदा सो साधारण सभा स्थगित गरियोस भनि संचालक समितिमा निवेदन गरेको हुंदा बैंकको संचालक समितिको ३२ औं वैठकले साधारण सभाकोलागी आवश्यक गणपुरक संख्या नपुग्ने देखिएकोले मिति २०६४ पौष २८ गते वस्ने भनिएको बैंकको प्रथम साधारण सभा स्थगित गर्ने निर्णय गरी साधारण सभा स्थगित गरिएको सूचना मिति २०६४ पौष २६ गते हिमालय टाइम्स दैनिक मा प्रकाशित गरिएको र बैंकको संचालक समितिको ३३ औं वैठकले स्थगित गरिएको बैंकको प्रथम साधारण सभा मिति २०६४ फागुण ६ गते सोमवारका दिन होटल अन्नपूर्णमा अपरान्ह ५.०० वजे पूर्वनिर्धारित विषयसूचीमा अनुसार वस्ने निर्णय गरेको हुंदा प्रथम वार्षिक साधारण सभा हुने मिति, समय र स्थान र छलफलका विषय-सूची समेत खुलाई तत्सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार मिति २०६४ माघ २८ र २९ गते हिमालय टाइम्स दैनिकमा प्रकाशित गरिएको जानकारी गराइयो ।

बैंकको प्रथम वार्षिक साधारण सभा वस्ने सूचनाको साथै आर्थिक वर्ष २०६३।६४ को वार्षिक प्रतिवेदन (संचालक समितिको प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन, आ.व. २०६३।६४ को वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सहित) शेयरधनी महानुभावहरुको उपलब्ध ठेगानामा हुलाक तथा कुरियर सेवा मार्फत तथा ईमेलवाट समेत पठाइएको व्यहोरा कम्पनी सचिव श्री गणेशराज पोखरेलले सभालाई जानकारी गराउनु भयो ।

**४. छलफलको विषयहरु**

१. आ.ब. २०६३/६४ को संचालक समितिको प्रतिवेदन अध्यक्षज्यूवाट प्रस्तुत हुने र पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६४ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.ब. २०६३/६४ को नाफा नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह विवरण माथि छलफल र पारित गर्ने।
३. आ.ब. २०६४/६५ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियूक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. संचालक समितिको अध्यक्ष तथा सदस्यहरुको सुविधाहरु ।

CITIZENS BANK INTERNATIONAL LTD. Corporate Office

५.	संस्थापक शेयरधनीहरुका प्रत्येक समूहबाट प्रतिनिधित्व गर्ने एक एक संचालकको आगामी कार्यकालको लागि निर्वाचन ।
६.	विविध

## ५. उपस्थिति

### ५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | डा. शंकर प्रसाद शर्मा | अध्यक्ष |
| २. | श्री प्रदिप जंग पाण्डे | संचालक |
| ३. | श्री भोला विक्रम थापा | संचालक |
| ४. | श्री राजेन्द्र प्रसाद कायस्थ | संचालक |
| ५. | श्री बालकृष्ण प्रसाई | संचालक |

### ५.२ अन्य पदाधिकारीको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री परशुराम कुंवर क्षेत्री | महाप्रवन्धक |
| ३. | श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

### ५.३ आमन्त्रित

| | | |
|---|---|---|
| १. | श्री किशोर वासकोटा | लेखा परीक्षक |
| २. | श्री महेन्द्र कान्त मैनाली | प्रमुख निर्वाचन अधिकृत |
| ३. | श्री विवेक घिमिरे | निर्वाचन अधिकृत |

### ५.४ शेयरधनीहरुको उपस्थिति

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या | ५२ |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हूने शेयर धनी संख्या | ० |
| ३. जम्मा उपस्थित संख्या | ५२ |

(उपस्थित संस्थापकहरुको नामावली अनुसूचीमा संलग्न छ ।)

## ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या ("क" "ख" "ग" "घ" समूह) | ७७ | ५२ | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ५६,००,००० | ३७,९०,००० | ६७.६८ % |

## ७. सभाको वैधानिकता र सभाको सभापतित्व

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बांडफांड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको प्रथम वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ५२ भएको र कुल शेयरको ६७.३६ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून तथा बैंकको नियमावली अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने व्यहोरा कम्पनी सचिवले जानकारी गराउंदै अपरान्ह ५.०० बजे अध्यक्ष डा. शंकर प्रसाद शर्माज्यूको सभापतित्वमा बैंकको प्रथम वार्षिक साधारण सभा शुरु गर्न सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

## ८. सभाको सभापतित्व

सभाका सभापतिज्युले उपस्थित सबै शेयरधनी महानुभावहरु, उपस्थित पर्यवेक्षकहरुलाई स्वागत एवं अभिवादन व्यक्त गर्नु हुंदै बैंकको प्रथम बार्षिक साधारण सभामा उपस्थित हुनु भएकोमा शेयरधनी महानुभावहरुलाई धन्यवाद दिनु हुंदै सभाको कार्यक्रम अघि वढाउनु भयो ।

## ९. प्रथम वार्षिक प्रतिवेदन प्रस्तुति :

९.१ सभाका सभापति डा. शंकर प्रसाद शर्माज्यूले संचालक समितिको तर्फवाट आर्थिक वर्ष २०६३।६४ को लागि संचालक समितिको प्रतिवेदन साधारणसभा समक्ष प्रस्तुत गर्नु भयो ।

९.२ संचालक समितिको प्रतिवेदन प्रस्तुति पश्चात सभापतिज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०६३।६४ को वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण र सोसंग सम्वन्धीत अनुसूचीहरु सभा समक्ष प्रस्तु गर्नु भयो ।

## १०. छलफलको लागि आव्हान

१०.१ साधारण सभामा शेयरधनी महानुभावहरुले निर्धारित विषय सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनले गरे अनुरुप आर्थिक वर्ष २०६३।६४ को वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरणका साथै सभामा छलफलको क्रमानुसारको विषय सूची समेतमा छलफलका लागी आ-आफनो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन सभापतिज्यूले अनुरोध गर्नु भयो ।

१०.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. श्री वोध प्रसाद अधिकारी
२. श्री अर्जुन प्रसाद न्यौपाने

## ११. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले देहाय बमोजिम आ-आफ्नो मन्तव्य, राय, सुझाव पेश गर्नु भयो

CITIZENS BANK INTERNATIONAL LTD. सिटिजन्स बैंक इन्टरनेशनल लि. Corporate Office

संस्थापक शेयरधनी श्री वोध प्रसाद अधिकारीले छलफलमा भागलिनु हुंदै देहायको जिज्ञासा प्रस्तुत गर्नु भयो ।

बैंकको भावी कार्यक्रममा शाखा कार्यालयमा ATM जडान गर्ने मात्र देखिएको छ यो वाहेक बैंकको भावी कार्यक्रम के छ?

बैंकको शेयर सर्वसाधारणको लागि हाल सम्म किन निष्काशन नगरिएको हो ? कहिले सम्म निष्काशन गर्ने योजना रहेको छ ?

संस्थापक शेयरधनी श्री अर्जुन प्रसाद न्यौपानेले सर्वसाधारण लाई निष्काशन गर्दा लिलाम वढावढ गरी निष्कासन गर्ने सम्वन्धमा बैंकको सोचाई के छ? भनि जिज्ञासा राख्नु भयो ।

**१२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ**

शेयरधनीहरुले सभामा व्यक्त गर्नुभएका सराहनाप्रति आभार व्यक्त गर्दै प्रकट भएको जिज्ञांशा तथा प्रश्नहरुको अध्यक्षज्यूले देहाय बमोजिम उत्तर दिनुभयो :

बैंकको भावी कार्यक्रमहरुमा बैंकको कर्जा तथा निक्षेप सम्वन्धी Product हरुलाई अझ वढी आकर्षक वनाई ग्राहकहरु समक्ष पुऱ्याउने अर्थतन्त्रका प्राय सवैक्षेत्रका नाफामूलक उद्योग व्यवसायहरुमा कर्जा प्रवाह गरी बैंकको मुनाफा वृद्धि गर्ने, बैंकको Cost of Fund लाई घटाउन शाखा विस्तार गर्ने कार्यक्रम रहेकाछन् । यसवाट सर्वसाधारणलाई वढि से वढि सेवा प्रदान गर्दै आफना ग्राहकहरु वढाउनमा मद्दत पुग्ने अपेक्षा गरिएकोछ । यसरी कम लागतमा स्रोत परिचालन गरि कर्जा सुविधामा अरु परिमार्जन गरी अर्थतन्त्रको सम्पूर्ण क्षेत्रलाइ समेटिने गरी संभाव्य क्षेत्रहरुमा कर्जा प्रवाह गर्दै जाने बैंकको कार्यक्रम रहेको समेत जानकारी दिनु भयो ।

पौष महिनामा नेपाल सरकारको राजस्व संकलनमा भएको वृद्धि तथा कृषि विकास बैंकको शेयर निष्कासन लगायतको प्रभावले देखिएको तरलताको समस्याले गर्दा सवै बैंकहरुले निक्षेप तथा कर्जा लगानीको व्याजदर वृद्धि गरेको परिप्रेक्ष्यमा यस बैंकले पनि निक्षेप तथा कर्जाको व्याज दरमा परिमार्जन गरेको कुरा समेत वताउनु भयो ।

बैंकको शेयर सर्वसाधारणको लागी हाल सम्म निष्कासन नगरेको सम्वन्धमा बैंकको विशेष साधारण सभावाट संस्थागत रुपमा छुट्याइएको १४ प्रतिशत अर्थात १४ करोड रुपैया वरावरको शेयर संस्थापक शेयरधनी महानुभावज्यूहरुले नै खरिद गर्ने गरि बैंकको प्रवन्धपत्र र नियमावली संशोधन गरिएको र सो संशोधन सम्वन्धीत निकायवाट स्विकृतीगर्ने क्रममा रहेको साथै संस्थापकहरुले लिन कवुल गरेको सम्पूर्ण शेयरको रकम चुक्ता नभएसम्म सर्वसाधारणको लागी शेयर निष्कासन गर्न नमिल्ने कानूनी व्यवस्था रहेको जानकारी दिनु भयो । बैंकको संशोधित प्रवन्धपत्र र नियमावलीहरु सम्वन्धीत निकायवाट स्विकृती प्राप्त हुने वितिकै संस्थापक शेयरधनीहरुवाट शेयर रकम माग गर्ने र सम्पूर्ण रकम चुक्ता हुना साथ सर्वसाधारणको लागी शेयर निष्कासन गर्ने जानकारी दिनु भयो ।

यसै क्रममा सर्वसाधारणको लागी शेयर निष्कासन गर्ने सम्वन्धमा Issue Manager नियुक्त गरि सकेको र निजहरुसंग बैंकलाई हित हुने किसिमवाट लाभको वांडफांड गर्ने सम्झौता समेत भै सकेको जानकारी दिनु भयो ।

सर्वसाधारणको लागी निष्कासन गरिने शेयर लिलाम वढावढ गरी विक्री गर्ने सम्वन्धमा कानूनमा हालसम्म कुनै व्यवस्था नगरेको तथा सम्वन्धीत निकायहरुवाट यस सम्वन्धमा कुनै नीति निर्देशनहरु जारी भै नसकेको अवस्थामा लिलाम वढावढवाट शेयर निष्कासन गर्न सकिने कुनै गुन्जायस नभएको कुरा वताउनु हुंदै बैंकले

शेयर निष्कासन गर्ने वखत सम्म यस सम्वन्धमा नेपाल सरकार/नेपाल राष्ट्र बैंक/सम्वन्धीत निकायवाट कुनै कानून तथा नीति एवं निर्देशन जारी भएमा सो सम्वन्धमा आवश्यक निर्णय गर्ने कुरा समेत जानकारी दिनु भयो ।

**१३. सभाको निर्णय**

**(क) छलफलका लागी निर्धारित प्रस्तावहरु तर्फ**

**१. आ.ब. २०६३/६४ को संचालक समितिको प्रतिवेदन अध्यक्षज्युवाट प्रस्तुत हुने र पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०६३।६४ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६४ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.ब. २०६३/६४ को नाफा नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह विवरण माथि छलफल र पारित गर्ने ।**

लेखा परीक्षकको प्रतिवेदन सहितको २०६४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६३।६४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गऱ्यो ।

**३. आ.ब. २०६४/६५ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियूक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६४।६५ को लागि लेखा परीक्षण समितिको सिफारिश वमोजिम लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले कूल रु. १,२०,०००।- (रु. एक लाख वीस हजार) पारिश्रमिक दिने गरी साविककै लेखा परीक्षक श्री वासकोटा एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्टसलाई नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय पारित भयो ।

**५. संचालक समितिको अध्यक्ष तथा सदस्यहरुको सुविधाहरु ।**

५.१ सञ्चालक समितिका अध्यक्ष एवं सदस्यहरुलाई प्रदान गरिने सुविधाहरु सम्वन्धमा पेश भएको प्रस्तावमा छलफल हुंदा संचालक समितिका अध्यक्ष एवं सदस्यहरुलाई २०६४ फाल्गुण महिना देखि देहाय वमोजिम सुविधा प्रदान गर्ने सर्वसम्मतिवाट निर्णय गरियो ।

(क) सञ्चालक समितिका अध्यक्षलाई आवश्यकता अनुसारको कार्यालय प्रयोजन लागी सवारी साधन उपलब्ध गराउने र अन्य संचालक समितिका सदस्यलाई परिवहन खर्च वापत प्रति महिना रु. ६,०००। (रु. छ हजार) प्रदान गर्ने ।

(ख) सञ्चालक समितिका सम्पूर्ण सदस्यहरुलाई टेलिफोन/मोबाईल खर्च वापत प्रति महिना रु. ३,०००।- (रु.तीन हजार) प्रदान गर्ने ।

(ग) सञ्चालक समितिका सम्पूर्ण सदस्यहरुलाई पत्रपत्रिका वापत मासिक रु. २,०००।- (रु. दुई हजार) प्रदान गर्ने ।

५.२ तत्पश्चात संचालक समितिको आगामी कार्यकालको लागी संस्थापक शेयरधनी समूहवाट संचालकहरुको निर्वाचन गर्ने कार्यक्रम सम्पन्न गर्न अध्यक्ष डा. शंकर प्रसाद शर्माले निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत श्री महेन्द्रकान्त मैनालीलाई सभा हस्तान्तरण गरियो ।

CITIZENS BANK INTERNATIONAL LTD. Corporate Office

निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत श्री महेन्द्रकान्त मैनालीले सभालाई निर्वाचन कार्यक्रमको विस्तृत विवरण प्रस्तुत गर्नु हुंदै सञ्चालक समितिमा उपसमूह १ वाट डा. शंकर प्रसाद शर्मा र श्री विष्णु राज अधिकारी, उपसमूह २ वाट लोमस फर्मास्यूटिकल प्रा.लि.का प्रतिनिधि श्री प्रदीप जंग पाण्डे, उपसमूह ३ वाट श्री भोला विक्रम थापा र उपसमूह ४ वाट अकारा डेभलर्प्स प्रा.लि.का प्रतिनिधि श्री राजेन्द्र प्रसाद कायस्थले आ-आफ्नो मनोनयन दर्ता गराउनु भएकोमा निर्धारित समयमा उपसमूह १ वाट मनोनयन पेश गर्नु हुने श्री विष्णु राज अधिकारीले आफनो मनोनयन फिर्ता लिनु भएको कुरा सभालाई जानकारी गराउनु भयो ।

यसरी श्री विष्णु राज अधिकारीले आफनो मनोनयन फिर्ता लिनु भएको कारणवाट उपसमूह १ वाट डा. शंकर प्रसाद शर्मा, उपसमूह २ वाट लोमस फर्मास्यूटिकल प्रा.लि.का प्रतिनिधि श्री प्रदीप जंग पाण्डे, उपसमूह ३ वाट श्री भोला विक्रम थापा र उपसमूह ४ वाट अकारा डेभलर्प्स प्रा.लि.का प्रतिनिधि श्री राजेन्द्र प्रसाद कायस्थ गरी प्रत्येक समूहवाट १।१ जनामात्र अन्तिम उम्मेदवारको रुपमा रहेको हुंदा निजहरु आ-आफ्ना उपसमूहवाट निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु हुंदै नव निर्वाचित सञ्चालकहरुको कार्यकाल सुखद एवं उपलब्धी मूलक हुन सकोस भन्ने शुभकामना व्यक्त गर्नु हुंदै उहांहरुलाई वधाई ज्ञापन गर्नु भयो ।

प्रमुख निर्वाचन अधिकृत श्री महेन्द्रकान्त मैनालीले निर्वाचन सम्वन्धी कागजातहरु सहितको माइन्यूट वुकको वन्दी खाम कम्पनी सचीव श्री गणेश राज पोखरेललाई हस्तान्तरण गर्नु भयो ।

त्यस पछि निर्वाचन समितका संयोजक श्री मैनालीज्यूले निर्वाचन कार्यक्रम विधिवत रुपमा सम्पन्न भै सकेको हुंदा सभाको आगामी कार्यक्रम संचालन गर्न सभाका अध्यक्ष श्री डा. शर्मालाई सभा हस्तान्तरण गर्नु भयो ।

## १४. विविध

कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) वमोजिम सभाका अध्यक्ष श्री डा. शंकर प्रसाद शर्मा र कम्पनी सचिव श्री गणेश राज पोखरेलले दस्तखत गर्ने कुरा अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

## १४. धन्यवाद ज्ञापन

अध्यक्ष डा. शंकर प्रसाद शर्माले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहांहरुबाट प्राप्त अमूल्य सुझाव एवं मार्गदर्शनलाई अनुरुप बैंकले सक्षम एवं सवल वनाउने, संस्थागत सुशासनलाई अझ सुदृढ गराउने, Cost of Fund अरु नयां बैंकहरुको तुलनामा कमगर्ने प्रतिवद्धता व्यक्त गर्नु हुंदै प्रथम वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, निर्वाचन समिति तथा सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । यसको साथै डा.शर्माले उहां लगायत श्री प्रदीप जंग पाण्डे, श्री भोला विक्रम थापा तथा श्री राजेन्द्र प्रसाथ कायस्थलाई निर्वारोध संचालकमा निर्वाचित गर्नु भएकोमा शेयरधनी महानुभावहरु प्रति आभार व्यक्ति गर्नु भयो ।

## १५. सभा विसर्जन

अन्तमा, सभाका अध्यक्ष डा. शंकर प्रसाद शर्माज्यूले छलफल गर्नु पर्ने कुनै विषय बांकी नभएकोले बैंकको प्रथम वार्षिक साधारण सभा अपरान्ह ६.३० बजे सभा विसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| **गणेश राज पोखरेल**<br>कम्पनी सचिव | CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि. | **डा. शंकर प्रसाद शर्मा**<br>अध्यक्ष |